# संस्था दर्ता नियमावली, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०८/१०

प्रमाणित मितिः २०७५/०८/१७

**प्रस्तावना :** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनी भएकोले,

आठविसकोट नगर कार्यपालिकाले आठविसकोट नगरपालिका संस्था दर्ता ऐन २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) **यी नियमहरुको नाम "आठविसकोट नगरपालिका संस्था दर्ता नियमावली, २०७५" रहेको छ ।**

(२) **यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,**

(क) "ऐन" **भन्नाले आठविसकोट नगरपालिका संस्था दर्ता ऐन, २०७५ सम्झनुपर्छ ।**

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ग) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिका सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "नगर कार्यपालिका" भन्नाले आठविसकोट नगर कार्यपालिका सम्झनुपर्छ ।

३. **दर्ताको लागि निवेदन** : **ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एक हजार रुपैंया दस्तुर सहित दर्ता अधिकारी समक्ष अनुसूची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।**

४. **संस्थाको दर्ता र प्रमाण-पत्र** : **नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।**

५. **दर्ताको अवधि, नवीकरण र दस्तुर** : (१) **नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।**

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारीबाट **पाँच सय रुपैंया** दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा दर्ता अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५००।- को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००।-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैंयाका दरले थप जरिबाना समेत लिई दर्ता अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संस्थाले बढीमा पाँचवर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा दर्ता अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षका लागि एक सय रुपैंया दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

आठबिसकोट नगरपालिका प्रथम

# अनुसूची–१
(नियम ३ सँग सम्बन्धित)
## निवेदन पत्रको ढाँचा

श्री दर्ता अधिकारी ज्यू,
आठविसकोट नगरपालिकाको कार्यालय ।
महोदय,

हामीले ............................. सम्बन्धी संस्था खोल्न चाहेकोले आठविसकोट नगरपालिका संस्था दर्ता ऐन, २०७५ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण
१. संस्थाको नाम :-
२. संस्थाको उद्देश्यहरु :-
(क)
(ख)
(ग)
३. प्रबन्ध समितिका सदस्यहरुको

| | नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

४. आर्थिक स्रोत :-
५. कार्यालयको ठेगाना :-
मिति :- भवदीय,
पदाधिकारीहरुको नाम:

आठविसकोट नगरपालिका रुकुम पश्चिम

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

अनुसूची-२
(नियम४ सँग सम्बन्धित)
दर्ता किताबको ढाँचा
संस्थाको दर्ता किताव

दर्ता नं.

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची-३
(नियम४ सँग सम्बन्धित)

**प्रमाण-पत्रको ढाँचा**

संस्थादर्ताको प्रमाण -पत्र

श्री अध्यक्ष/सचिव

.............................. ।

.................................. (संस्थाको नाम) संस्था दर्ता ऐन, २०७५ को दफा ४ बमोजिम ..........साल ..........महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

दर्ता अधिकारीको सही: -

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

आठविसकोट नगरपालिका रुकुम पश्चिम

## नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**प्रमाणित गर्ने अधिकारीको:**

दस्तखत:

नाम,थर: रामबहादुर के.सी.

पद: नि.प्रमुख प्रशासकीय अधिकृत

कार्यालय:आठविसकोट नगरपालिकाको कार्यालय

मिति : २०७५/०८/१७ गते

आठविसकोट नगरपालिका रुकुम पश्चिम